# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २२ गते ०१३ साल


## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ८

शिक्षामन्त्रालय–अन्तर्गत तपसीलका स्कूल कलेजका निमित्त तपसीलबमोजिम कै लेक्चरर तथा शिक्षक शिक्षिकाहरू चाहिएका छन्। योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट गरी २०१३ साल आश्विन १६ गते बृहस्पतिबारसम्ममा यसको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

### तपसील

१. त्रि–चन्द्र कलेज कमर्श विभागलाई:—

(क) पद:–इकनमिक्सका एक लेक्चरर, गजेटेड, स्थायी तथा पेन्शन पाउने।

(ख) आवश्यक न्यूनतम योग्यता:– सो विषयमा एम्. ए.।



926

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मासिक तलब स्केल र भत्ताः— मो. रु. १८०—२१०। र महँगी भत्ता मो. रु. २०।

२ पाटन हाई स्कूललाईः —

(क) पदः— एक हाई स्कूल शिक्षक, स्थायी तथा पेन्सन पाइने ।

(ख आवश्यक न्यूनतम योग्यताः— बी. एस्सी, अथवा बी. ए. । भूगोल तथा विज्ञान दुबै पढाउन सक्नेलाई प्राथमिकता दिइनेछ ।

(ग) मासिक तलब स्केल र भत्ताः— मो. रु. १०५-२००। र महँगी भत्ता मो. रु. १५।

३ पद्म कन्या हाई स्कूललाईः—

क) पदः— अंग्रेजी र इतिहास पढाउने एक हाईस्कूल शिक्षक, स्थायी तथा पेन्शन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यताः — बी. ए इतिहास सहित ।

(ग) मासिक तलब स्केल र भत्ताः—मो.रु १०५-२००। र महंगी भत्ता मो.रु. १५

४ पद्मकन्या—विद्याश्रमलाईः—

(क) पदः डोमेस्टिक साइन्स पढाउने एक महिला शिक्षिका स्थायी तथा पेन्शन पाइने

(ख) आवश्यक न्यूनतम योग्यताः— आई. ए. डोमेस्टिक सायन्ससहित ।

(ग) मासिक तलब स्केल र भत्ताः-मो.रु. ७०-११०।र महँगी भत्ता मो रु. १२।५०

आज्ञाले
ख. ममान मल्ल,
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं, नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर, प्रेमराज शर्मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१२८